मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

**सूचना**

१. भ्रष्टाचारीलाई तिरस्कार र इमान्दारीलाई पुरस्कार संस्कृतिको विकास गरौं।
२. घुस लिने र दिने दुबै उत्तिकै दोषी हुन्।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २६ ◆ अङ्क : १० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ मंसीर १२ गते शुक्रवार (Friday, November 27. 2020) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

# बलात्कारका घटना बढ्यो

**झापा, मंसीर ११।** महिला हिंसाविरुद्धका १६ दिने अभियान सञ्चालन भइरहेका बेला झापामा बलात्कारका घटनामा वृद्धि भएको पाइएको छ।

गत आर्थिक वर्ष २०७६/०७७मा ८८ वटा बलात्कारका घटना भएको थियो। चालू आर्थिक वर्ष २०७७/०७८ को चार महिनामा ४३ वटा बलात्कारका घटना भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। ८ नगरपालिका र ७ गाउँपालिका रहेको झापामा चालू आर्थिक वर्षमा भद्रपुर नगरपालिकामा ८ वटा जवरजस्ती करणी (बलात्कार) भएको छ भने गाँउपालिकातर्फ बाह्रदशी गाउँपालिकामा ४ वटा बलात्कारका घटना भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायव उपरीक्षक राकेश थापाले जानकारी दिए।

चलू आर्थिक वर्ष २०७७/०७८मा ८ वटा बलात्कारका घटनामा संलग्न ११ जना पक्राउ परेका छन्। त्यस्तै दमक नगरपालिकामा ५ वटा बलात्कारका घटना भएको र त्यसमा संलग्न ५ जना पक्राउ परेका छन्। त्यस्तै मानव बेचबिखन तथा बहुविवाहका एउटा घटना भएको र जसमा संलग्न दुई जना पक्राउ परेका छन्। बिर्तामोड नगरपालिकामा ४ वटा बलात्कारका घटना भएको छ। जसमा संलग्न ६ जना पक्राउ परेका छन्।

मानव बेचबिखन तथा बहुविवाहका दुई वटा घटना भएको र त्यसका आरोपी दुई जना फरार रहेका छन्। जवरजस्ती करणी उद्योगका ३ वटा घटना भएकोमा त्यसमा संलग्न ३ जना पक्राउ परेका छन्। उता मेचीनगरमा मानव बेचबिखन तथा बहुविवाहका एउटा घटना भएको छ भने त्यसमा संलग्न दुई जना फरार रहेका छन्। जवरजस्ती करणीका ३, जवरजस्ती करणी उद्योगका एक र दुई वटा हत्याका घटना भएको प्रहरी प्रवक्ता थापाले जानकारी दिए।

कनकाई नगरपालिकामा दुई वटा जवरजस्ती करणी उद्योग र एउटा हत्याको घटना भएको र त्यसमा संलग्न पक्राउ परेको बताइएको छ। अर्जुनधारा नगरपालिकामा ४ वटा बलात्कार र एउटा जवरजस्ती करणी उद्योगका घटना भएका छन्। शिवसताक्षी नगरपालिकामा एउटा बलात्कार र एक जना व्यक्तिको हत्या भएको छ भने गौरादह नगरपालिकामा १-१ वटा जवरजस्ती करणी, जवरजस्ती करणी उद्योग र हत्याका अपराध भएको तथ्याङ्कमा उल्लेख गरिएको छ।

त्यस्तै गाउँपालिकातर्फ चालूआर्थिक वर्षमा बाह्रदशी गाउँपालिकामा ४ वटा जवरजस्ती करणी र एउटा मानव बेचबिखन तथा बहुविवाहका घटना भएका छन्। बुद्धशान्ति गाँउपालिकामा ३ वटा जवरजस्ती करणी र एउटा जवरजस्ती करणी उद्योगका घटना भएका छन्। गौरीगञ्ज गाउँपालिकामा ३ वटा जवरजस्ती करणी र

(बाँकी अन्तिम पृष्ठमा)




## महिला हिंसाविरुद्धको १६ दिने अभियान जारी

## कमलमा हस्ताक्षर

**कमल, मंसीर ११।** लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान विभिन्न कार्यक्रमगरी मनाउन शुरु गरिएको छ।

'लैंगिक हिंसा अन्त्यको प्रतिवद्धता: व्यक्ति समाज र सवैको ऐक्यवद्धता' भन्ने नाराका साथ झापाको कमल गाउँपालिकामा लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानमा ऐक्यवद्धता जनाउँदै गाउँपालिकामा हस्ताक्षर गरी कार्यक्रमको उद्घाटन गरिएको थियो।

हरेक वर्ष नोबेम्बर २५देखि डिसेम्बर १०सम्म विभिन्न कार्यक्रमगरी मनाउँदै आएकोमा यो वर्ष कोभिड-१९का कारण औपचारीक कार्यक्रम सञ्चालन हुन सकेन। तर, पनि गाउँपालिकाका सातै वडा-वडामा ऐक्यवद्धता जनाउँदै हस्ताक्षर गर्ने कार्यक्रम रहेको कमल गाउँपालिका महिला तथा बालबालिका शाखा प्रमुख रेनुका गौतमले जानकारी दिइन्।

## बैदेशिक रोजगारीका नाममा ठगी गर्दा कैद र जरिवाना



**झापा, मंसीर ११।** बैदेशिक रोजगार ठगी मुद्दाका फरार प्रतिवादी बिर्तामोड नगरपालिका-३ घर भएका ३० वर्षीय कुमार पुरीलाई बुधबार प्रहरीले पक्राउ गरेको छ।

बैदेशिक रोजगार न्यायालय काठमाडौंको २०७२ जेठ २४ गतेको फैसलाले बैदेशिक रोजगार ठगी मुद्दामा १ वर्ष कैद र १ लाख रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय घैलाडुब्बाबाट खटिएको प्रहरीले अर्जुनधारा नगरपालिका-५ बैर चौकबाट पक्राउ गरेको हो।

फैसला कार्यान्वयनका लागि उनलाई जिल्ला अदालत झापा भद्रपुरमा उपस्थित गराइने जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।


# आलु: नयाँ भित्रियो, मूल्य घट्यो

लक्ष्मी उप्रेती

**काँकरभिट्टा, मंसीर ११।** कुनै बेला एक सय ३० रुपैयाँ प्रतिकेजीमा विक्री भएको आलुको मूल्य अहिले सोच्नै नसकिने गरी घटेको छ।

झापाको मेचीनगरको मुख्य: व्यापारिक केन्द्र काँकरभिट्टाको सब्जी पसलमा अहिले आलु प्रतिकेजी ९० रुपैयाँमा किनवेच भइरहेको सब्जी व्यवसायीहरुले बताएका छन्।

पछिल्लो समय काँकरभिट्टाको सब्जी पसलमा आलुको मूल्य नपत्याउने गरी घटेको छ। आलुको व्यवसायिक खेती हुँदा उत्पादनमा बृद्धि हुनु र नयाँ आलु बजारमा आएसँगै मूल्य घटेको व्यवसायीहरुको भनाइ छ। अहिले



बजारमा आलुको मूल्य सस्तो भएको बताउँदै आलुको मूल्य कम हुनुको मुख्य: कारण बजारमा नयाँ आलु प्रशस्त रुपमा भेटिनु रहेको काँकरभिट्टाका सब्जी व्यापारी सुरज भुर्तेल बताउँछन्। नयाँ आलु बजारमा नआउँदासम्म प्रतिकेजी १ सय ३० रुपैयाँ पर्ने गरेकोमा अहिले नयाँ आएसँगै प्रतिकेजी ५०देखि ६० रुपैयाँ मूल्य घटेको उनको भनाइ छ।

आलु खेती घरायसी प्रयोगका लागि गरिने भएको भए पनि पछिल्लो समय आम्दानी हुन थालेपछि आलुको व्यावसायिक खेती शुरु भएको छ। जसका कारण अहिले नयाँ आलु बजारमा प्रशस्त पाइन थालेको व्यापारीहरुको भनाइ छ। किसानबाट किन्दा आलुको मूल्य प्रतिकेजी ५०देखि ५५ रुपैयाँ परे पनि बजारमा भने ७०देखि ९० रुपैयाँसम्ममा विक्री हुने उपभोक्ताको भनाइ छ।

(बाँकी अन्तिम पृष्ठमा)

## वन मुद्दा लागेका माझी पक्राउ



**झापा, मंसीर ११।** वन मुद्दाका फरार प्रतिवादी झापा गाउँपालिका-२ घर भएका ४२ वर्षीय प्रदीपकुमार माझीलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला अदालत झापा भद्रपुरको २०६४ भदौ २० गतेको फैसलाले वन मुद्दामा ६ महिना कैद र नगद १५ हजार ८६ रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई इलाका प्रहरी कार्यालय कुमरखोद झापाबाट खटिएको प्रहरीले उनकै घरबाट पक्राउ गरको हो।

## राप्रपा प्रवेशको लहर



**झापा, मंसीर ११।** विभिन्न पार्टी परित्याग गरी राष्ट्रिय प्रजातन्त्र राप्रपा पार्टीमा प्रवेश गर्नेहरु झापामा दिनप्रतिदिन वढिरहेका छन्। अन्य ठूला राजनीतिक दलहरु आन्तरिक किचलोमा लिप्त रहेका बेला ती पार्टीका कार्यकर्तामा वितृष्णा जाग्नुको साथै अन्य पार्टीमा प्रवेश गर्नेको लहर पछिल्लो दिनहरुमा बढ्दै गएको छ।

यसरी पार्टी परित्याग गर्नेहरुले राप्रपालाई वैकल्पिक पार्टीको रुपमा छान्ने गरेका छन्। राजा आऊ, देश वचाऊ भन्दै देशका विभिन्न स्थानमा र्‍याली तथा जुलुस स्वत:स्फूर्त रुपमा निस्किरहेको समयमा राजतन्त्र पुनर्स्थापनाको मुख्य एजेण्डा बोकेर हिंडेको राप्रपा पार्टीमा विशेष गरी तत्कालीन

(बाँकी अन्तिम पृष्ठमा)

भारतको प्रख्यात सर गंगाराम हस्पिटलमा
अध्ययन गर्नुभएका
हाल निर्भिक हस्पिटल काठमाडौंबाट
**डा. अभिलाषा शाह**
MBBS, MD (Internal Medicine)
Fellowship in REHEUMATOLOGY (Gripmer)
वरिष्ठ वाथ तथा इम्युनिटी सिस्टम रोग विशेषज्ञ।
यसपटक मंसीर १३ गते शनिवार आउँदै हुनुहुन्छ।
सम्पर्क: **कन्काई हस्पिटल प्रा.लि.**
बिर्तामोड, झापा (फोन नं. ०२३-५४३८०७)

**दक्ष मिस्त्री तथा सेल्स मेन चाहियो**
VR मोटरसाइकल शोरुम बिर्तामोडको लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।
पद : दक्ष मिस्त्री ३ जना (मोटरसाइकल राम्रोसँग बनाउन सक्ने)
सेल्स मेन : २ जना
मोटरसाइकलको पार्ट्स सम्बन्धी ज्ञान भएकोलाई विशेष प्राथमिकता।
तलब : आपसी समझदारीमा
सम्पर्क: ९८५२६७८९२८, ०२३-५४१४२५

**भर्ना खुल्यो ! भर्ना खुल्यो !!**
CTEVT बाट सम्बन्धन प्राप्त यस (TECS) विद्यालयमा डिप्लोमा तहको हाईड्रोपावर इञ्जिनियरीङ (Diploma in Hydropower Engineering)मा अध्ययन गर्न ईच्छुक विद्यार्थीहरुलाई भर्नाको लागि यो सूचना प्रकाशित गरिएको छ।
- **शैक्षिक योग्यता** : SLC/TSLC उत्तीर्ण वा SEE मा गणित र विज्ञान विषयमा न्यूनतम C ग्रेड प्राप्त
- **फारम बुझाउने मिति** : २०७७ मंसीर ०५ शुक्रबारदेखि २०७७ मंसीर १५ गते सोमबार सम्म
- **फारम शुल्क** : रु. ८००/- मात्र
- **आवश्यक कागजात** : शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि र MRP (35x45 mm) साइजको फोटो २ प्रति
- **फारम बुझाउने स्थान** : मोहनमाया माध्यमिक विद्यालय, विर्तामोड-२ , रामचौक, झापा
थप जानकारीका लागि :- **मोहनमाया माध्यमिक विद्यालय**
०२३-५४३६५२, ९८४२७०४७३४, ९८४२६८४३५१, ९८०३४७०१६०, ९८१५९३६६६८
**शेरबहादुर श्रेष्ठ:** प्रधानाध्यापक



# चुलाचुलीमा १८ करोडको अस्पताल बन्दै र कुमाले खोलामा पक्की पुल बन्ने



**उमानाथ भण्डारी**

**कमल, मंसीर ११।** चुलाचुली गाउँपालिकामा निर्माणाधीन १५ शय्याको अस्पताल र कुमाले खोलामा निर्माण हुन लागेको पक्की पुलको १ नम्बर प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी राज्य मन्त्री राम रानाले शिलान्यास गर्ने भएका छन् ।

प्रत्येक स्थानीय तहमा १५ शय्याको अस्पाताल निर्माण गर्ने नेपाल सरकारको निर्णय अनुसार आगामी मंसीर १५ गते विहान ११ बजे चुलाचुली गाउँपालिका वडा नम्वर-२स्थित बागोठेमा निर्माण हुन लागेको अस्पतालको मन्त्री रानाले शिलान्यास गर्ने कार्यक्रम रहेको चुलाचुली गाउँपालिकाका अध्यक्ष प्रदीपचन्द्र राईले जानकारी दिए ।

त्यसैगरी मन्त्री रानाले वडा नम्वर १ र २को सीमानामा पर्ने कुमाले खोलामा निर्माण हुन लागेको पक्की पुलको समेत शिलान्यास गर्ने कार्यक्रम रहेको अध्यक्ष राईले बताए ।

निर्माण हुन लागेको अस्पतालको लागत १८ करोड ६ लाख रुपैयाँ रहेको छ भने पुलको निर्माण लागत ३ करोड ३१ लाख ८३ हजार ९२२ रुपैया रहेको चुलाचुली गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत काजीमान राईले जानकारी दिए ।

**गाउँपालिकाका ठूला तथा निर्माण शुरु गरिएका योजना**

गाउँपालिकाले चालूआर्थिक वर्षमा शुरु गरेका योजनामध्ये हिमाली मार्ग हुँदै तीनकुने पोखरीसम्म जाने १ करोड रुपैयाँको लागतमा ८ सय मिटरको कालोपत्रे सडक सम्पूर्ण प्रक्रिया पूरा गरी क्रमागत योजनामा निर्माण शुरु गर्ने तयारीमा रहेको छ । त्यसैगरी गाउँपालिकाको प्रशासनिक भवनदेखि सिम्लेसम्म जाने १ करोड रुपैयाँको लागतमा ८ सय मिटर सडकको समेत सम्पूर्ण प्रकृया पूरा भएको अधिकृत राईले बताए ।

त्यसैगरी गाउँपालिकाको प्रशासनिक भवनको दोश्रो तलाको निर्माणका लागि १ करोड ७१ लाख रुपैयाँमा निर्माण शुरु गरिने छ भने वडा नम्वर १, ३, ४ र५ को वडा कार्यालय भवन निर्माणस्थलको ८० लाख रुपैयाँको लागतमा घेरावार गर्ने कार्य शुरु गरिएको गाउँपालिकाले जनाएको छ ।

# कोरोनाः मृतकको संख्या १४०० नाघ्यो

**झापा, मंसीर ११।** विगत २४ घण्टामा नेपालभरि १६०० भन्दा बढी मानिसमा कोरोनाभाइरस सङ्क्रमण पुष्टि भएको छ ।

सो अवधिमा २३ जनाको कोभिड-१९का कारण मृत्यु भएको सरकारी तथ्याङ्कले देखाउँछ । यो वृद्धिसँगै नेपालमा पुष्टि भएका सङ्क्रमितको कूल संख्या दुई लाख २७ हजार नाघेको छ । तर पर्याप्त परीक्षण नभएकाले यो संख्याले नेपालमा कोरोनाभाइरस महामारीको वास्तविक अवस्था चित्रण गर्न नसक्ने धारणा विज्ञहरूको छ ।

मन्त्रालयले बिहीवार अपरान्ह प्रकाशित गरेको विवरणअनुसार अहिले नेपालभरि १६,७९३ जनामा सक्रिय सङ्क्रमण छ । मन्त्रालयका अनुसार अहिलेसम्म देशभरि १,४१२ सङ्क्रमितको मृत्यु भएको छ । अर्थात् नेपालमा सङ्क्रमितको मृत्युदर ०.६ प्रतिशत जति छ ।

काठमाडौं उपत्यकाका तीन जिल्लामा धेरै सङ्क्रमित फेला पर्ने क्रम अहिले पनि जारी छ । नेपाल विश्वभरि कोरोनाभाइरस महामारीबाट प्रभावित देशमध्ये शीर्ष ४० स्थानभित्र पर्छ । दक्षिण एशियामा भने भारत, पाकिस्तान र बाङ्लादेशपछि नेपाल चौथो स्थानमा छ ।

**कति जना निको भए ?**

मन्त्रालयले प्रकाशित गरेको विवरणमा २४ घण्टाको अवधिमा थप १,४३७ जना सङ्क्रमणमुक्त भएको उल्लेख छ ।

अहिलेसम्म कूल दुई लाख ९,४३५ सङ्क्रमित निको भएको सरकारी तथ्याङ्क छ ।



अर्थात् नेपालमा सङ्क्रमित निको हुने दर ९२ प्रतिशत छ ।

मङ्गलवार १,७९० जनामा सङ्क्रमण र २४ जनाको मृत्यु तथा बुधवार थप १९ सय ४८ जनामा सङ्क्रम र २८ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको थियो । गत कात्तिक ५ गते सर्वाधिक ५,७४३ जना सङ्क्रमित फेला परेका थिए ।

म्याराडोनालाई पेलेको श्रद्धाञ्जली-

# माथि भेटेरसँगै फुटबल खेलौंला




**विश्वचर्चित दुबै खेलाडीको भेट हुँदाको तस्वीर ।**

**काठमाडौं, मंसीर ११।** अर्जेन्टिनी फुटबल स्टार डिएगो म्याराडोनाको निधनमा विश्व फुटबलमा सर्वाधिक रुचाइएका अर्का खेलाडी ब्राजिलियन स्टार फुटबलर पेलेले भावुक श्रद्धाञ्जलि व्यक्त गरेका छन् । म्याराडोनालाई श्रद्धाञ्जलि दिँदै उनले भनेका छन्- 'आश छ एक दिन माथि आएर सँगै फुटबल खेल्न पाउने छौं ।'

६० वर्षको उमेर निधन भएका म्याराडोनालाई विश्वभरबाट श्रद्धाञ्जलि अर्पण भइरहेको छ । त्यसमा फुटबलकै सर्वकालीन प्रिय खेलाडी ८० वर्षका पेलेले पनि सामाजिक सञ्जालमार्फत नै श्रद्धाञ्जलि दिएका हुन् । 'असाध्यै दुःखद् खबर । मैले असाध्यै राम्रो साथी गुमाएँ र विश्व फुटबलले गुमायो एक लिजेन्ड खेलाडी । भन्नुपर्ने कुराहरु धेरै छन् तर अहिलेलाई परिवारलाई धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् । आशा छ, एक दिन हामी माथि सँगै फुटबल खेल्न सक्नेछौं ।'

पेलेले ब्राजिलबाट १९५८, १९६२ र १९७०मा विश्वकप फुटबलको उपाधि जिताएका थिए । जहाँ म्याराडोनाले अर्जेन्टिनालाई १९८६ को विश्वकप जिताएका थिए । विश्व फुटबलमा सर्वाधिक उत्कृष्ट खेलाडी को भन्ने समर्थकहरुको बहसमा यी दुईको नाम छुट्दैन ।

# पूर्वडिन प्रा.डा. प्रसाईंको निधन



**बिर्तामोड, मंसीर ११।** त्रिवि चिकित्सा शास्त्र अध्ययन संस्थान (आइओएम)का पूर्वडिन तथा त्रिवि शिक्षण अस्पतालका संस्थापक कार्यकारी निर्देशक प्रा.डा. भीष्मराज प्रसाईंको कात्तिक १० गते बुधबार ८९ वर्षको उमेरमा निधन भएको छ ।

प्रा.डा. प्रसाईंको मुटुमा समस्या आएपछि गतकात्तिक २८ गते मेडिसिटी अस्पतालमा भर्ना गरिएकोमा उनको उपचारको क्रममा निधन भएको हो । झापाको साविक गरामनी गाविस (हाल बिर्तामोड नगरपालिका) हुँदै हाल ललितपुर जिल्लाको कुपण्डोल निवासी प्रा.डा. प्रसाईं चिकित्सा शास्त्र अध्ययन संस्थानका डीन, त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष र उपकुलपति, राजपरिषद्का सदस्यसमेत भएका थिए ।

एक दर्जनजति साहित्यिक कृति प्रकाशित गरेका प्रा.डा. प्रसाईंले भानुभक्त पुरस्कार (नेपाल सरकार), त्रिमूर्ति पुरस्कार, महाकवि देवकोटा शताब्दी सम्मान, नइ देरूनीख सुकीर्तिलगायत पुरस्कार प्राप्त गरेका थिए । नेपालमा मेडिकल कलेज स्थापनाको परिकल्पनाकार तथा प्रवर्धक समेत रहेका प्रा.डा. प्रसाईंको नाममा त्रिवि शिक्षण अस्पतालमा बगैंचा (भीष्म गार्डेन) समेत बनाइएको छ ।

प्रा.डा. प्रसाईंका श्रीमती शुभद्रा प्रसाईं, छोराबुहारी ई. सगर-श्रद्धा प्रसाईं, छोरीहरु डा. सिरु प्रसाईं, सञ्जु प्रसाईं शर्मा, नातिनातिनीहरु लगायत रहेका छन् । उनको पशुपति आर्यघाटमा अन्त्येष्ठी गरिएको पारिवारिक श्रोतले जनाएको छ ।

## कौडा र तास खलिरहेको अवस्थामा २७ जना पक्राउ

**काठमाडौं, मंसीर ११।** तनहुँको ब्यास नगरपालिका-१२ बेलघारी बस्ने ४५ वर्षीय राजेन्द्र पन्तको कुखुराको फर्ममा कौडा खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ४२ वर्षीय गणेश बैयलकोटी समेत १९ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

कौडा खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय भानुबाट खटिएको प्रहरीले उनीहरुलाई कौडा, नगद ३ लाख १० हजार ९ सय ९० रुपैयाँ सहित फेला पारी पक्राउ गरेको हो ।

त्यस्तै दाङको गढवा गाउँपालिका-६ प्रनाहा बस्ने ४५ वर्षीय डिल्लीराज शर्मा भुसालको घरमा तास खेलिरहेको अवस्थामा भुसाल समेत ८ जनालाई बुधबार राति प्रहरीले पक्राउ गरेको छ ।

उनको घरमा तास खेलिरहेको भन्ने सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय गढवाबाट खटिएको प्रहरीले उनीहरुलाई नगद ९४ हजार ६ सय १५ रुपैयाँ र एक जना गड्डी ताससहित पक्राउ गरेको हो ।

**राप्रपा ...**

नेकपा माआवादीका कार्यकर्ताहरुको प्रवेश ठूलो संख्यामा हुँदै आएको छ ।

यसैक्रममा झापाको बिर्तामोडमा विहीवार आयोजित एक कार्यक्रमको बीच तत्कालीन नेकपा माआवादीका झापा-इलाम सेक्रेटरी विक्रम अधिकारी व्रम्हाण्ड, याम पाठक, मेघराज अधिकारी र केदार अधिकारी लगायत राप्रपामा प्रवेश गरेका छन् । नव प्रवेशीहरुलाई कार्यक्रमका मुख्य अतिथि पार्टीका महामन्त्री तथा सांसद राजेन्द्र लिङ्देनले स्वागत गरेका थिए ।

त्यस्तै कचनकवल-३ र ७मा आयोजित अलग-अलग कार्यक्रमकाबीच नपाली कंग्रेसका होमनाथ ढकालसहित १६ जना र नेकपाका दिनेश शिवाकोटीसहित २५ जना राप्रपामा प्रवेश गरेका छन् । यस्तै भद्रपुर १, २का आकाश कन्दङ्वाको नेतृत्वमा १८ जनाभन्दा बढी युवाहरु स्वतःस्फूर्त राप्रपामा प्रवेश गरेको भद्रपुर नगर अध्यक्ष राधा कार्कीले जानकारी दिइन् ।

**बलात्कारका ...**

दुई वटा मानव बेचबिखन तथा बहुविवाहका घटना भएका छन् । उता कमल गाँउपालिकामा एउटा मानव बेचबिखन तथा बहुविवाह र दुई जनाको हत्या भएको प्रहरीको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

त्यस्तै हल्दिबारी गाउँपालिकामा ३ वटा जवरजस्ती करणी र दुई वटा मानव बेचबिखन तथा बहुविवाह, झापा गाउँपालिकामा दुई वटा जवरजस्ती करणी, एउटा हत्या र एउटा मानव बेचबिखन तथा बहुविवाहका घटना भएका छन् । कचनकवल गाउँपालिमा दुई वटा जवरजस्ती करणीका घटना भएको प्रहरी प्रवक्ता डीएसपी थापाले जानकारी दिए ।

गत आर्थिक वर्ष २०७६/०७७ मा १५ वटा स्थानीय तहमा ८८ वटा जवरजस्ती करणी (बलात्कार)का घटना भएका थिए । यसैबीच नोभेम्बर २५ देखि डिसेम्बर १० अर्थात् मंसीर १०देखि २५ गतेसम्म महिला हिंसाबिरुद्धको अन्तर्राष्ट्रिय अभियान सञ्चालन भइरहेको छ । पछिल्लोपटक कोरोनाका कारण भएको लकडाउनयता यस्ता हिंसाका घटनामा बढोत्तरी भएको पाइएको छ । महिला, बालबालिका र किशोरीहरू यस्तो हिंसाबाट अत्यधिक पीडित हुने गरेका प्रहरीले जनाएको छ । अपराध नियन्त्रणका लागि प्रहरीले सक्रियता बढाए पनि गलत मानसिकताका कारण समाजमा बलात्कार तथा अन्य महिला हिंसाका घटनामा वृद्धि भएको बताइएको छ ।

बलात्कारका घटना न्यूनीकरणको प्रयास भइरहेको प्रहरी प्रवक्ता डीएसपी थापाले बताए । प्रहरीले अवलम्बन गरिरहेको समुदाय-प्रहरी साझेदारी कार्यक्रमले पनि यस्ता विकृति न्यूनीकरण गर्ने प्रयास गरिरहेको उनको भनाइ छ । मानवीय मूल्य र मान्यतासँगै नैतिकतामा पनि ह्रास आएकाले बलात्कारका घटना बढेको एबीसी नेपालकी झापा अध्यक्ष कञ्चना ढकाल (सिटौला) ले बताइन् । मानव बेचबिखन तथा महिला हिंसाविरुद्ध काम गर्दै आएको एबीसी नेपालले झापामा समेत विभिन्न कामहरु गर्दै आएको छ । कानूनी कारबाहीलाई प्रभावकारी बनाउनुका साथै मानिसमा चेतनाको स्तरमा वृद्धि गर्न आवश्यक रहेको उनको भनाइ छ ।

**आलु ...**

केही समय अगाडिको तुलनामा आलुको मूल्य आधा घटेको तरकारी व्यवसायी सबु राउतको भनाइ छ ।

आलुबाली विकासको लागि सरकारीस्तरबाट २०२९ सालमा राष्ट्रिय आलुबाली विकास कार्यक्रमको स्थापना भयो । स्थापनाकालदेखि नै कार्यक्रमद्वारा आलु बाली सम्बन्धी अनुसन्धान र विकासका कार्यहरु सञ्चालन हुँदै आए । आलु बालीको जातीय उत्थान लगायत उन्नत प्रविधिहरूको विकास तथा व्यवस्थापन अनुसन्धान एवम् विकासका कार्यहरू समेत भइरहेका छन् ।

२०५२ सालमा आलु बाली विकास कार्यक्रमका रुपमा पुनर्गठन हुँदा अनुसन्धानको पाटोबाहेक आलुवालीको प्रविधि हस्तान्तरणमा केन्द्रित रही विभिन्न आलुवाली विकासका क्रियाकलापहरु सञ्चालन गर्न थाल्यो । पछि आलुवाली विकास शाखाको रुपमा र २०५८ साल देखि पुनः राष्ट्रिय आलुवाली विकास कार्यक्रमको रुपमा पुनर्गठन भई आलुवाली विकासका कार्यक्रमहरु सञ्चालन गर्दै कृषक तथा उपभोक्ता वर्गहरूको आय आर्जनका साथै खाद्य आपूर्तिमा टेवा पुर्‍याई मुलुकको आर्थिक विकासमा यस कार्यक्रमले उल्लेखनीय योगदान पुर्‍याउँदै आएको सरकारी दाबी छ ।

कृषि मन्त्रालय कृषि विभाग अन्तर्गतको राष्ट्रिय आलु बाली विकास कार्यक्रम खुमलटारका अनुसार नेपालमा उत्पादन भएको आलुले माग नधानेपछि आयात गर्नुपर्ने बाध्यता छ । नेपालमा २ लाख हेक्टर जमिनमा प्रतिहेक्टर १४ मेट्रिक टनका दरले वर्षेनि २८ लाख मेट्रिकटन आलु उत्पादन हुने गर्दछ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्फनुहोस् ।

## बिमालेख हराएको सूचना

यस कम्पनीबाट जारी भएका तपशिल बमोजिमका बीमा लेख हराएकोले सो प्रतिलिपि बीमालेख जारी गरी पाउँ भन्ने व्यहोरासहितको निवेदन सम्बन्धित बीमितबाट यस कम्पनीमा प्राप्त भएको छ । सो बीमा लेख उपर कोही कसैको हक दावी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र यस कम्पनीको प्रधान कार्यालयमा प्रमाणसहित दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदकको माग बमोजिम सम्बन्धित बीमितको नाममा प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।

**नामः**- सोनाम गुरुङ **ठेगानाः**- भद्रपुर-१, झापा
**बीमालेख नं.:**- ५९११०००९६३०
**कम्पनी नामः** एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, प्रधान कार्यालय एशियन लाइफ भवन, मैतीदेवी, काठमाडौं, फोन नं. ४४३०२७०, ४४४२१३८

## पायल्स तथा स्त्री रोग सम्बन्धी समस्याले सतायो ?

**चिन्ता नलिनुहोस् । अब प्रत्येक दिन रबिन आयुर्वेदिक फार्मेसी बिर्तामोडबाट** पायल्स, फिसर, फिष्टुला, कब्जियत, दिसाबाट रगत बग्ने, मलद्वार चिलाउने, मलद्वार दुख्ने, मलद्वारबाट पिप बग्ने, मलद्वारमा मासु पलाएको, मलद्वार सम्बन्धी सम्पूर्ण रोग तथा महिलाहरुको महिनाबारी गढबढी, तल्लो पेट दुख्ने, स्तनको गाँठागुठी, यौन रोग, निःसन्तान दम्पत्ति एवम् महिलाहरुको सम्पूर्ण रोगहरुको लागि महिला डाक्टर अहिल्या मैनालीद्वारा दैनिक उपचार सेवा शुरु भई रहेको हुनाले सम्बन्धित रोगी बिरामीहरुले सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

**रबिन आयुर्वेदिक फार्मेसी**
अदुवा खोला पुल पश्चिम दक्षिण, बिर्तामोड
फोन नं. ०२३-५४१०१०, ९८५२६७३१२१

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

गोर्खा बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड, झापाको

## साधारणसभामा हुने बारेको सूचना

संस्थाको सञ्चालक समितिको मिति २०७७ साल कात्तिक २७ गते विहीवार बसेको बैठकको निर्णय अनुसार चौधौं बार्षिक साधारणसभा कोभिड-१९ महामारीका कारण नेपाल सरकारद्वारा जारी भएको निर्देशन अनुसार बृहत् रुपमा भेला तथा सम्मेलन गर्न नपाइने भएकोले यस विषम् परिस्थितिमा सहकारी विभागद्वारा जारी भएको निर्देशनको परिधिभित्र रही निम्न मिति, समय र स्थानमा तपशिलका विषयवस्तु उपर छलफल गरी समापन गर्ने कार्य रहेको हुँदा सम्पूर्ण सदस्यहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति, समय र स्थान**

मिति २०७७ साल मंसीर १७ गते विहीवार १० बजेदेखि २०७७ साल मंसीर २१ गते आइतवार ४ बजेसम्म कार्यालयमा उपस्थित भई प्रतिवेदन बुझिलिनुहुन वा कर्मचारीमार्फत प्राप्त उपस्थित पुस्तिकामा उपस्थिति जनाई प्रतिवेदन बुझिलिनुहुन अनुरोध गर्दछौं । साथै प्रतिवेदन उपर छलफल तथा जिज्ञासा भएमा १४औं बार्षिक साधारणसभाको सभाहल (संस्थाको कार्यालयसंग जोडिएको सभाहलमा) मंसीर २२ गते उपस्थित भई निर्णय पुस्तिकामा हस्ताक्षरका लागि अनुरोध गर्दछौं ।

**छलफलका विषयहरु**

१) सञ्चालक समितिकोतर्फबाट अध्यक्षद्वारा प्रस्तुत आ.व. २०७६।०७७को बार्षिक प्रतिवेदन, आ.व. २०७७।०७८को लागि बार्षिक नीति कार्यक्रम तथा बजेट प्रस्तुत तथा पारित ।
२) लेखा समितिको बार्षिक प्रतिवेदन प्रस्तुत तथा पारित गर्ने ।
३) आ.व. २०७६।०७७को लेखा परीक्षण प्रतिवेदन प्रस्तुत तथा पारित गर्ने ।
४) यस संस्थाको नाममा रहेको घर जग्गा विक्रीका लागि प्रस्ताव पेश गर्ने ।
५) आ.व. २०७७।०७८को लाग लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने ।
६) साधारणसभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि सदस्यको मनोनयन गर्ने ।
७) विविध

नोटः उपस्थित शेयर सदस्यहरुले मास्क अनिवार्य प्रयोग गरिदिनुहुन अनुरोध छ ।

**सुरेश गौतमः व्यवस्थापक (सञ्चालक समितिको आज्ञाले)**

बिर्तामोड नगरपालिका,
१० नं. वडा कार्यालय, सैनिक, झापाको

## सूचना ! सूचना !! सूचना !!!

संघीय आयोजना इकाई/सघन शहरी तथा भवन निर्माण आयोजना ०७७।०७८को च.नं. ४२२ मिति २०७७।०८।१८को पत्रानुसार तथा सुरक्षित नागरिक आवास समन्वय समितिको पहिलो बैठक निर्णय अनुसार नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी ऐन, २०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको समान, संरक्षण तथा परिपूर्ति गर्ने गरिबीको रेखामुनि रहेका, प्रकोपका कारण घरवारविहीन भएका घर परिवारले सुरक्षित आवास निर्माण आफैंले गर्ने चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामग्री खरिदको लागि र गरिबीको रेखामुनि रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यक्रम रहेको हुनाले 'सुरक्षित आवास कार्यान्वयन कार्यविधि, २०७५'को दफा १० (ख) अनुसार सम्बन्धित वडा कार्यालयमार्फत १० (दश) दिने सूचना जारी गर्ने निर्णय भएकाले यस वडा कार्यालयको क्षेत्रका उपरोक्त अनुसारका घरधनीहरुले यस वडा कार्यालयबाट निःशुल्क रुपमा निवेदनको नमूना प्राप्त गरी आवश्यक विवरण भरी यो सूचना जारी भएको मितिले १० दिनभित्र वडा कार्यालयमा बुझाउन हुन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ । साथै म्याद समाप्त भए पश्चात प्राप्त हुने निवेदन उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा समेत अनुरोध छ ।

**दूर्योधन गुरुङः वडाध्यक्ष**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## सुशासनको अनुभूति होस्

**एशियाका सत्र देशहरुमध्ये सर्वाधिक भ्रष्टाचार हुने देशमा नेपाल रहेको एक अध्ययनले देखाएको छ । भ्रष्टाचारबिरुद्ध काम गर्ने अन्तर्राष्ट्रिय गैरसरकारी संस्था ट्रान्सपरेन्सी इन्टरनेशनलको एउटा अध्ययनले स्थिर र बलियो जननिर्वाचित सरकारले पनि भ्रष्टाचार रोक्न नसकेको देखाएको छ । सो संस्थाले भ्रष्टाचारका विषयमा आम जनताको धारणा र अनुभूति कस्तो छ भन्ने विषयमा मापन गरेको थियो । त्यस अनुसार ५८ प्रतिशत नेपालीले राजनीतिज्ञ, प्रशासक, कर्मचारीदेखि स्थानीय तहसम्म नै भ्रष्टाचार हुने गरेको बताएको प्रतिवेदनले उल्लेख गरेको छ । त्यस्तै सांसद, सिंहदरबार र सरकार सञ्चालकहरु नै भ्रष्टाचारमा संलग्न रहेको आम जनताको अनुभव रहेको जनाइएको छ । यसले स्थिर सरकार भएपछि अनाचार, दुराचार र भ्रष्टाचार घट्ने धारणा पनि असत्य सावित भएको छ ।**

**सरकारले मन र कर्मले भ्रष्टाचारप्रति शून्य सहनशीलता देखाउनुपर्दछ । नेतृत्व गर्नेले म भ्रष्टाचार गर्दिनँ र गर्न पनि दिन्नँ भनेर मात्र पुग्दैन, त्यसलाई रोक्न तत्परता नै देखाउनु पर्दछ । भ्रष्टाचारीलाई कार्वाही गरेको जनताले अनुभूत गर्न पाउनु पर्दछ र राजनीतिक प्रभाव वा पहुँचका भरमा भ्रष्टाचारीले उन्मुक्ति पाउँनु हुँदैन। यसलाई सरकार, भ्रष्टाचार न्यूनीकरण गर्ने कार्यमा संलग्न संस्था वा निकायहरुले गम्भीरतापूर्वक लिनुपर्दछ । ट्रान्सपरेन्सीको प्रतिवेदन अनुसार जनताले सरकारको छवि, सरकारप्रतिको धारणा कस्तो बनाएको रहेछन् भन्ने अनुभूत गरेर पारदर्शिता, जवाफदेहीताको आधारमा सुशासनको अनुभूति दिलाउन सक्नुपर्दछ ।**


**देशमा अहिले सार्वजनिक भएका ठूल्ठूला भ्रष्टाचार र अनियमितताका विवरणलाई त्यत्तिकै ढाकछोप गर्ने प्रचलन बढेको आरोप लाग्दै आएको छ । सरकारको नेतृत्व गर्नेले नै अनियमितता, भ्रष्टाचारका आरोपीहरुलाई संरक्षण गरिरहेको आरोप पनि लाग्दै आएको छ । गाउँ-गाउँमा सिंहदरबार पुऱ्याएको भनिएको छ र भ्रष्टाचार त्यही गाउँसम्म पुगेको टिप्पणी पनि भइरहेको छ । अख्तियारले भ्रष्टाचारका उजुरीमाथि छानविन नगरेको, मुद्दा चलाउन नसकेको आरोप जनताले धारणाका रुपमा प्रतिवेदनमा जनाइएको छ । यसबाट सरकारको नेतृत्व गर्ने र सरकारमा बस्नेहरुले लज्जाबोध गर्नुपर्दछ । सार्वजनिक सेवा प्रवाहलाई सहज र शुलभ बनाइनु पर्दछ । अन्यथा विश्वकै भ्रष्ट मुलुकको सूचीमा उक्लिन समय लाग्ने छैन ।**

# शिक्षित युवावर्ग नै विकासको आधार



सुदर्शन रोक्का

हामी नेपाली पहिला नेपालमा नै ठगिइसकेका हुन्छौं स्वयम् आफ्नै नेपाली दाजुभाइ, म्यानपावर कम्पनी र एजेन्टहरुबाट । यो असाध्यै नराम्रो पक्ष हो किनकि हामीलाई आफ्नै नेपालीले नै पहिला बलीको बोका बनाउँछन्, त्यसपछि फेरि परदेशको ठाउँमा हामी त्यो नियती भोग्न बाध्य हुन्छौं ।




हाम्रो देशका अधिकांश मानिसहरुमा यस्तो सोच छ कि शिक्षित वर्गका मानिसहरुले काम गर्नुहुँदैन । यो वाक्यबाटै यसै अनुमान गर्न सकिन्छ कि हाम्रो मानसिकता कति संकुचित छ। यस्तै सोच र संस्कारले गर्दा हामी अरु देशहरुको दाँजोमा कयौं वर्षपछि धकेलिएका छौं। शिक्षित वर्ग जो आफ्नो देशमा पसिना बगाउन लाज मान्छ, तर विदेशमा ऊ जे पनि गर्न पछि हट्दैन। अन्य देशको परिस्थिति हेर्ने हो भने सबै शिक्षित युवाहरु आफ्नो देशको विकास र समृद्धिको लागि जस्तोसुकै काम गर्न पनि हिचकिचाउँदैनन् र त उनीहरुको प्रगति दिन दुईगुना रात चौगुना भइरहेको छ।

सोचले हामी कहिल्यै पनि अघि बढ्न सक्दैनौं। विगतमा हाम्रा अग्रजहरुले जे गरे त्यो नै हामीले गर्नुपर्छ भन्ने छैन। दुनिया हेर्नुपर्छ, कहाँ पुगिसक्यो के तिनीहरुले पनि कामलाई अवमूल्यन गरेर पुगेका हुन् त ? अवश्य पनि होइन।

हामी नेपालीलाई जडशुत्रवादी र पितृसत्तात्मक सोचले गाँजेको छ भन्ने कुरा सत्य सावित भएको छ। किनकि अझै पनि हामीमा काम प्रतिको दृष्टिकोण फरक छ यो महिलाले गर्ने काम पुरुषले गर्नुहुँदैन पुरुषले गर्ने काम महिलाले गर्नुहुँदैन भन्ने मानसिकता अझै यथावत छ। यो सब हुनुमा हाम्रा अग्रजहरुको सोच र व्यवहारको दोष साथसाथै हामी अघि नबढ्ने रहेछन् भनेर। काम भनेको पुरुष वा महिला जसले गरे पनि हुन्छ तर काम गर्न सक्नुपऱ्यो, कामले कहिल्यै पनि यो काम पुरुषको वा महिलाको यो पढेलेखेकाले गर्ने यो नगर्ने त्यो भन्दैन। होलान् कतिपय काम जसमा महिलाले वा पुरुषले मात्र गर्न हुने नपढेकाले गर्ने र शिक्षितले मात्र गर्ने तर अपवाद बाहेक। अधिकांश काम दुबैले नै गर्ने हो विशेषगरी शिक्षित युवा-युवाको इच्छाशक्ति जाग्यो भने देशले काँचुली फेर्न कुनै दैवीशक्तिको आवश्यकता नै पर्दैन। तर, कुरा के हुन्छ भने काम गर्न पछि पर्नु हुँदैन। अझ हाम्रो जस्तो अविकशित देशमा त झन् शिक्षित

कामप्रतिको लगाव र सानो-ठूलो काम नठानी कामलाई आफ्नो कर्तव्य सम्झेर जुटिरहेका छन् र आशातित सफलता पनि पाइरहेका छन्। ती काममा जुटेका सबै युवाहरु अनपढ पक्कै पनि छैनन्। किनकि उनीहरुको काम गर्ने तौरतरिका अनि सोच नै फरक छ। प्रायः सबै उच्च शिक्षा हासिल गरेका छन्। राम्ररी शिक्षित भएर पनि जस्तोसुकै काम गर्न पनि पछि पर्दैनन्। उनीहरु बस् काम सम्झन्छन् र गरिरहन्छन्। ठालु प्रवृत्ति छैन। सबैले सबै प्रकारका कामहरु गरिरहेका छन्। तर, हाम्रो देशको परिप्रेक्षमा यो विपरीत छ। म पढे/लेखेको छु र मैले काम पनि राम्रो पाउनुपर्छ। सानोतिनो काम त गर्नै हुँदैन भन्ने पढेलेखेका शिक्षित नयाँ पिढीको पनि मुर्खताको पराकाष्ठा झल्किन्छ। अग्रजहरुले त यस्तै चलन चलाए किनकि उनीहरुमा हरेक प्रकारका अभावहरु थिए जस्तो कि शिक्षा, विभिन्न सञ्चार माध्यमहरु जसले जीवनमा र व्यक्तिको सोचमा परिवर्तन ल्याउन सकोस्। यस अर्थमा भन्नुपर्दा हामी नयाँ पिढी नै बढि जिम्मेवार हुन्छौं। किनकि हामीले यो सब देखेका र भोगेका छौं दुनियालाई बुझ्ने मौका पाएका छौं, संसारमा के भइरहेको छ प्रत्यक्ष सुन्न र देख्न पाएका छौं।

तथापि हामीमा परिवर्तन नआएको देख्दा लाग्छ नेपालीले कहिल्यै पनि सकारात्मक र दिगो काममा युवायुवतीको संलग्नता त अपरिहार्य नै छ। तर, कारणबस हामी जस्ता पढेलेखेका युवावर्गले देशभित्र कामको अवसर नखोजी अर्काको देशमा पसिना बगाउनुपर्ने नमिठो सत्य दशकौंदेखि यथावत छ।

अझ भन्नुपर्दा खाडी क्षेत्रका देशमा त नेपाली युवा-युवतीको धेरै ठूलो जमात छ। यी सबै युवाशक्तिको जमातलाई देशले सही ढंगले सदुपयोग गर्न सकेको भए हामीले दुईछाक टार्न अरुसँग हात पसार्नु पर्ने र विदेशी भूमिमा श्रमशक्ति खर्च गर्नुपर्ने थिएन। विडम्बना देशको अस्थिर राजनीतिक र पटक-पटक सत्तासीन शासकहरुको अकर्मण्यताका कारणले गर्दा पनि अधिकांश शिक्षित युवा-युवती निराश हुँदै पलायन हुन बाध्य छन्। देशको अर्थतन्त्रमा राम्रो टेवा पुऱ्याएको वैदेशिक रोजगारको रेमिट्यान्सले देश चल्न ठूलो मद्दत गरेको छ। देशको अर्थतन्त्रमा रेमिट्यान्स मार्फत यस्तो सहयोग पुऱ्याएको जमातलाई भने सरकारले केही पनि गर्न सकेको छैन। जस्तो कि नेपाली दूतावास कतिपय ठाउँमा खोलिएकै छैनन् र भएका ठाउँमा पनि सेवा दिन सकिरहेको अवस्था छैन। सरकारको नीति-नियमा नै अस्पष्ट छ। प्रत्येक पटक सरकार परिवर्तनसँगै राजदूतको पनि परिवर्तन हुनेगर्छ। योग्य मान्छेलाई छायाँमा पार्ने काम गरिन्छ। निर्भिक भई काम गर्ने वातावरण दिइँदैन। प्रायः हरेक नेपालीलाई 'अन्तर्राष्ट्रिय श्रमिक संगठन' (आई.एल.ओ)ले निर्देशित गरेको नियम कानूनबाट वञ्चित गरिएको छ। श्रम सम्झौता विपरीत काम र तलब दिइएको छ। यी कुरालाई आवाज उठाउने काम दूतावासको हो, तर नेपाली दूतावास केही गर्न सक्दैन। यी त प्रतिनिधि घटनाहरु मात्र हुन् यस्ता समस्या त कति छन् कति।

अझ भन्ने हो भने हामी नेपाली पहिला नेपालमा नै ठगिइसकेका हुन्छौं स्वयम् आफ्नै नेपाली दाजुभाइ, म्यानपावर कम्पनी र एजेन्टहरुबाट। यो असाध्यै नराम्रो पक्ष हो किनकि हामीलाई आफ्नै नेपालीले नै पहिला बलीको बोका बनाउँछन्, त्यसपछि फेरि परदेशको ठाउँमा हामी त्यो नियती भोग्न बाध्य हुन्छौं।

अतः समष्ठिगत रुपमा भन्नुपर्दा देशका ऊर्जाशील शक्ति भनेकै शिक्षित युवाशक्ति हो, जसले देशको काँचुली फेर्न सक्छ। हरेक युवा-युवतीले आफ्नो ज्ञान र सीपको सदुपयोग आफ्नै गाउँ-ठाउँमा गरे स्वतः देश परिवर्तन हुन बाध्य हुन्छ। विश्वका कुनै पनि देश काम नगरी विकास भएका छैनन्, सबैले आ-आफ्नो क्षेत्रबाट योगदान दिई कामप्रति सम्मान गरी जस्तोसुकै कामलाई अँगाली परिवर्तन र विकासको बाटोतिर अग्रसर भई आजको दिनसम्म आएका हुन्। तर, सबैले आफ्नो देश विकासको कामलाई थाती राखी परदेश जाने क्रमले गर्दा हाम्रो देश विकासबाट वञ्चित छ। यही कारणले गर्दा हामी परजिवी भई बाँच्नु परेको छ। त्यसैले, मुख्य कुरा के हो भने सम्पूर्ण युवावर्ग हामी आफ्नो देशको विकासको निम्ति अग्रसर हुनुपर्छ। कामलाई सम्मान दिई आफूमा इच्छाशक्ति जगाउनुपर्छ अनि मात्र हामी सम्पूर्ण नेपालीले स्वावलम्बी भई सम्मानको जीवन व्यतित गर्न सक्छौं।

# पारिवारिक पीडाले जन्मघर सम्झिँदै रसिक

किरण पौड्याल

'रातो भाले क्वायँ क्वायँ, सुत्केरीलाई ख्वाएँ,
सुत्केरीको नाम गरी टाउको मैले खाएँ
.......
हटी होइन, डटी लड्ने, नेपालीको वानी हुन्छ
कहिल्यै नझुक्ने शिर उभेको, स्वाभिमानी नेपाली हुन्छ
.......
घर बेटी नानी, आँगनमा देउन मलाइ बास
आँगनमा देउन मलाइ बाँस
.....

गाउँ होस् वा शहर, जुनसुकै क्षेत्रका बासिन्दाको जिब्रोमा आउने गीतका हरफ हुन् यी। चार दशकअघि सिर्जित यी हरफ यसकारण पनि जनजिब्रोमा रहन गयो कि एउटा मन तान्ने शब्द र अर्को सीमित सञ्चारमाध्यम।

त्यसबेला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खबरको जानकारी लिने जनताको पहुँचको श्रव्य साधन थियो- रेडियो नेपाल। रहरले होस् वा बाध्यताले खबर सुन्ने अकाट्य माध्यम बन्थ्यो रेडियो नेपाल।

झट्ट सुन्दा ठट्यौली जस्तो लाग्ने 'रातो भाले क्वाँय क्वाँय' गीतले त गाउँको परिवेश समेत बोकेकाले जनताको मन/मस्तिष्कमै बस्न पुग्यो भने 'हट्ने होइन, डटी लड्ने नेपालीको बानी हुन्छ' गीतले तत्कालीन राजपरिवारको समेत मन छोयो। कुनै ठट्यौली त कुनै सामाजिक परिवेशसँग मिल्दोजुल्दो गीत लेख्ने र गाउने सर्जक हुनुहुन्छ, गणेश रसिक।

हुनत गणेश रसिक चिनाउनु पर्ने नाम होइन, तर परिचय नै दिने हो भने यतिले मात्र भने पुग्दैन। अनि सांगीतिक र साहित्यिक क्षेत्रबाट रसिकको नाम अलग राख्दा यो क्षेत्र नै अधुरो रहन्छ। कथा र उपन्यास लेखेर साहित्यिक फाँटमा रहर लाग्दो नाम बनाउनुभएका रसिकको गीत लेख्ने र गाउने खुवी भएकाले पनि साहित्यिकभन्दा साङ्गीतिक पाटो अलिक गह्रौं जस्तो देखिन्छ। रसिकको जन्म पूर्वी पहाडी जिल्ला भोजपुरमा भयो। रसिकको जन्म जति बेला भयो त्यतिबेला राणा शासन हटाउन अनेक आन्तरिक तथा बाह्य गृहकार्य भइरहेको थियो। विसं २००४ मा जन्मिनुभएका उहाँको परिवार पनि राजनीतिक चेतनामा अगाडि नै थियो। बाल्यकालमै सामान्य राजनीति बुझेर सामान्य झण्डा बोके पनि रसिकको जीवनमा राजनीतिभन्दा अन्य क्षेत्रको लगाव बढी देखिन्छ।

आफ्नै हजुरबुबा बडाहाकिम भएकाले धेरै कुरा बुझ्न अर्को ठाउँ जानु परेन। रसिकको बाल्यकाल एकैनासको रहेन। बडाहाकिमको जागिरका लागि हजुरबुबा कहिले ओखलढुङ्गा त कहिले अन्य जिल्लामा जानुपर्ने भयो र रसिक पनि सँगै हिँड्नुपर्ने भयो। त्यतिकैमा रसिक आफ्नै जागिरको सिलसिलामा इलाम आइपुग्नुभयो। रसिकको विद्यालयस्तरको अध्ययन भोजपुरमै बिते पनि त्यसपछिको समय भने धेरै जसो इलाम र काठमाडौंमा बित्यो।

**लाहुर बन्न जाँदा राजविराजमै जागिर**

रसिकका बुबा पल्टनका जागिरे हुनुहुन्थ्यो। त्यसैले पल्टन नै जानुपर्ने सल्लाह परिवारबाट आउन थाल्यो। गाउँमा साथीभाइसहित रसिक भोजपुरबाट पल्टनमा भर्ती हुन हिँड्नुभयो। खासै घरबाहिर काम नगरेका रसिक बाटोमा हिँड्न सक्नुभएन र बिरामी पर्नुभयो। सप्तरीको राजविराज पुगेपछि भने रसिक हिँड्नै नसक्ने गरी थला पर्नुभयो। त्यही एक घरमा साथीभाइले रसिकलाई सुताए र पल्टनतर्फ हिँडे।

'मेरो कथा देवकोटाको मुनामदन कृतिको मदनको जस्तै छ'- रसिक भन्नुहुन्छ- तर, मदनलाई हेरचाह गर्ने भोटे थरका व्यक्ति थिए मेरा भने मधेशी थिए। रसिक केही दिनमा आराम हुनुभयो तर रसिकका साथीसमेत फर्किएर त्यहीँ आइपुगे। पल्टनमा भर्ती हुन ढिला भएकाले साथीहरु भर्ती नै नभई फर्किएका रहेछन्।

त्यतिकैमा एक जनाले रसिकलाई राजविराजमै जागिरमा लगाइदिए। सामान्य टाइप जान्ने भएकाले मैले जागिर पाइहालेँ- उहाँ भन्नुहुन्छ- त्यसपछि लाहुरेमा भर्ती हुने कुरै हरायो। त्यसपछि पनि रसिकको जीवन स्थिर रहेन। कहिले भोजपुर पुग्नुभयो त कहिले विराटनगर। त्यतिकैमा २०२२ सालतिर इलामे साहित्यकार विष्णु नवीनको सहयोगमा रसिक इलाम आउनुभयो र यहीँ काम गर्नथाल्नुभयो।

साहित्यकारको प्रभाव पर्न थालेपछि विस्तारै रसिक पनि साहित्यमा रम्न थाल्नुभयो। वि.सं. २०२३ मा काठमाडौँ पसेपछि भने रसिकले ठोस प्रगति नै देखाउनुभयो। 'क्षितिजलाई छुन खोज्दा-२०२४' कथासङ्ग्रह निकालेर साहित्यिक क्षेत्रमा प्रवेश गरेको चार वर्ष नबित्दै 'एउटा सारङ्गीभित्र-२०२८' ल्याउन रसिक सफल हुनुभयो। यस्तै 'बिलाउँदै गएको गीत', 'दशगजामा उभिएर', 'छपक्कै मनमा बसेकाहरु' लगायतका कृतिसमेत रचना गर्नुभयो।

**राईबाट रसिक बन्दा**

साहित्यकार बन्न के के गर्नुपर्छ भन्ने थाहा नभए पनि रसिकलाई आफ्नो नामको पछाडि उपनाम झुण्ड्याउनु पर्छ भन्ने चाहिँ थाहा थियो। विद्यालयस्तरमै यति बुझेपछि रसिकले आफ्नो नामको पछाडि के उपनाम झुण्ड्याउने भन्नेमा अन्योल बनायो। सबै साथीले नाम पछाडि उपनाम झुण्ड्याएकाले रसिकलाई पनि तत्काल उपनाम झुण्ड्याउन बितिसकेको थियो तर के लेख्ने भन्ने पत्तो भने थिएन। रसिकले अच्छाकुमार राई रसिकको पुस्तक पढेर प्रभावित भएपछि आफ्नो नामको पछाडि पनि राई हटाउनुभयो अनि रसिक थप्नुभयो।

**अस्थिर मन**

जब काठमाडौँमा राल्फा आन्दोलन चलिरहेको थियो त्यति बेला रसिक पनि त्यही आन्दोलनमा सरिक रहनुभयो तर समयान्तरमा रसिकलाई राल्फामा 'बस्नु बेकार लाग्न' थाल्यो। "राल्फाको अर्थ नै मैले बुझिनँ, न त गन्तव्य नै थाहा पाएँ, रसिक भन्नुहुन्छ- त्यसैले सँगै रहन सकिनँ। त्यसपछि भोजपुरका साहित्यकारको संयोजनमा नयाँ समूह गठन भयो- लेकाली। भोजपुर क्षेत्रका हिरण्य भोजपुरे, उर्मिला श्रेष्ठ, निर्मला श्रेष्ठ, नवीन किशोर, तीर्थ शेरचन र रसिक मिलेर लेकाली समूह खोल्नुभयो र साहित्यमा होम्मिनुभयो। नेपाली जनजीवनका कथालाई लेकाली समूहले आफ्नो विषय बनाएको थियो। लेकाली समूहले क्यानडामा समेत लेकाली सङ्गीत पुर्याएको थियो।

रसिकको विगत सम्झदा उहाँले अनगिन्ति ठाउँमा काम गरेको देखिन्छ। कहिले रत्न रेकर्डिङ संस्थानको महाप्रबन्धक भएर त कहिले राष्ट्रिय नाचघरको महाप्रबन्धक। त्यतिले मात्र पनि रसिकको मन थामिएन। त्यसै पनि अस्थिर मन भएका रसिकलाई लामो समय एकैठाउँमा काम गर्नसक्ने कुरै भएन। प्रतिष्ठित संस्था साझा प्रकाशनको कार्यकारी अध्यक्ष भएरसमेत रसिकले काम गर्नुभयो तर दिगो भने भएन। त्यतिकैमा रसिकले सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा समेत सदस्य सचिवको रूपमा काम गर्नुभयो। पचासको दशकदेखि भने रसिक काठमाडौँ बस्न रुचाउनुभएन। काठमाडौँमा बस्ने मन नभएपछि रसिक फेरी भोजपुर जाने मनस्थितिमा पनि रहनुभएन। त्यसबेला रसिकले सम्झनुभयो आफूले साङ्गीतिक र साहित्यिक यात्रा शुरु गरेको जिल्ला इलाम।

उहाँ काठमाडौँबाट इलाम सर्नुभयो। इलाम आएर पनि उहाँ निरन्तर आफ्नो क्षेत्रमा रहँदै आउनुभयो तर अब भने रसिकलाई इलाममा बस्नसमेत मन मर्दै आएको छ। मन मात्रै मरेको छैन आफ्नो जन्मथलो र बालसखाको न्यास्रोले तानेर भोजपुर पुर्याएको छ। अबको केही समयपछि नै रसिक इलाम छाड्दै हुनुहुन्छ। इलाम छाडेर केही समयपछि काठमाडौँ बस्ने उहाँको योजना छ तर समायान्तरमा भोजपुर पुग्ने नै उहाँको उद्देश्य छ। "मैले इलाममा धेरै मित्र कमाएँ। सबैले राम्रै गर्नुभएको छ, दुःख साट्ने मान्छे पाएँ तर सुख साट्ने पाइन, उहाँ भन्नुहुन्छ। उहाँलाई पुर्ख्यौली घर र त्यहाँका खेतबारीले अन्य ठाउँ बिर्साएको छ।

**अप्रत्याशित राजनीतिक यात्रा**

रसिकको जीवन केलाउँदै जाने हो भने राजनीतिक घुम्तीहरु अत्यन्तै धेरै भेटिन्छ। कांग्रेस परिवारमा जन्मिएका उहाँको मन विद्यार्थी कालदेखि नै कम्युनिष्ट आन्दोलनप्रति बढी तानिन पुग्यो। वि.सं. २०१७ मा राजा महेन्द्रले प्रजातन्त्र खोसेपछि परिवारसमेत राजातर्फ केन्द्रित भएको थियो- रसिकले भन्नुभयो- तर म भने बाल्यकालदेखि बामपन्थीसँग नजिक थिएँ। जब नेपालमा महेन्द्रपछि वीरेन्द्र राजा भए तब रसिकको राजालाई हेर्ने दृष्टिकोण फरक भयो। 'वीरेन्द्रले राज्यारोहण गरेपछि मलाइ गीत लेख्न अनुरोध गर्नुभयो। उहाँको आज्ञा पाएपछि राजाको बारेमा गीत लेखेँ- उहाँले भन्नुभयो।

रसिक कलाकार सँधै मध्यम धारको बाटो हिँड्नुपर्ने बुझेर राजाको गीत गाएको बताउनुहुन्छ। त्यसपछि कालान्तरमा राजासँग नजिक रहँदारहँदै इलामबाट राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट उम्मेदवार बन्न अनुरोध गरियो। शुरुमा त रसिकले आफू कलाकार भएको बताउँदै कुनै पार्टीबाट उम्मेदवारी नदिने अडान राख्नुभयो तर पार्टीको माथिल्लोस्तरबाटै अनुरोध गरेपछि रसिकले नउठेर धर नै पाउनुभएन। रसिक २०५१ सालको निर्वाचनमा इलामबाट चुनाव लड्न बाध्य हुनुभयो। त्यतिबेला रसिकले जित्ने सम्भावना त थिएन तर पछि आरोप चाहिँ प्रतिद्वन्द्वी नेकपा एमालेका झलनाथ खनाललाई हराउन उम्मेदवारी दिएको भन्ने लाग्यो।

चुनावी परिणाम पनि त्यस्तै नै आयो। झलनाथ खनालले चुनाव हार्नुभयो भने कांग्रेसका बेनुपराज प्रसाईंले जित्नुभयो। तर रसिक भने आफू कसैलाई हराउनका लागि चुनावमा नउठेको प्रस्ट्याउनुहुन्छ। मेरो साहित्य सिर्जना गर्दाको साथी हो उहाँ (झलनाथ खनाल), रसिकले थप्नुभयो- म कसरी त्यस्तो गर्न सक्छु। त्यसपछि रसिकले राप्रपासमेत छाड्नुभयो।

**पीडैपीडाको जिन्दगी**

धेरैलाई लाग्न सक्छ, रसिकको जिन्दगी साहित्य र सङ्गीतमा उहाँले पारेको छाप जत्तिकै चम्किलो होला तर त्यसको ठीक विपरीत उहाँको व्यक्तिगत जिन्दगी भने पीडैपीडाको भुङ्रोमा फसेको छ। उहाँको जीवनका भोगाइ हेर्दा लाग्छ उहाँले के गुमाउनु भएन र ? सानैमा आमाको माया गुमाउनु पऱ्यो भने घरै छाडेर हिँड्न बाध्य हुनुपऱ्यो।

बुबाले कान्छी आमा ल्याएपछि बुबाको मायाबाट समेत टाढिनु पर्यो भने कान्छा भाइले आत्महत्या गरे। माइलो भाइ माओवादी द्वन्द्वमा मारिए। साइँलो भाइ दुर्घटनामा बिते। एक्लो छोरो पनि बित्यो। श्रीमती पनि अस्वस्थ हुनुहुन्छ। अहिले रसिकको परिवारमा श्रीमती बुहारी र नातिनी मात्र छन्। नातिनीकै पढाइका लागि केही समय काठमाडौँ बसाइपछि भोजपुर पुग्ने योजना छ। मेरो चञ्चल स्वभाव छ। एक ठाउँ बस्न सक्दिनँ- रसिक भन्नुहुन्छ- भोजपुरमै पनि दीर्घकालीन बसाइ नहुन सक्छ। रसिकले साहित्य र गायनबाट नाम मात्र होइन सम्मान पनि पाउनुभयो। उहाँले विसं २०२८ मा कविता महोत्सवमा प्रथम पुरस्कार, विसं २०३४ मा रेडियो नेपाल सङ्गीत प्रतियोगितामा उत्कृष्ट गीतकार, विसं २०२४ मा राष्ट्रिय युवा महोत्सवमा कथामा प्रथम पुरस्कार र २०६३ सालमा पद्मश्री पुरस्कार प्राप्त गर्नुभएको छ।

# शिवसताक्षीमा लिफ्टसहितको तालिम केन्द्र



**झिलझिले, मंसीर ११।** शिवसताक्षी नगरपालिकामा अढाई करोडको लागतमा तालिम केन्द्र भवन निर्माण गरिने भएको छ ।

गोपाल गौरी दिगो विकास प्रतिष्ठानले चार तलाको दुईवटा तालिम केन्द्र भवन निर्माण गर्न लागेको हो । एक कार्यक्रमकाबीच भवनको शिलान्यास गरिएको छ । प्रतिष्ठानकी केन्द्रिय अध्यक्ष इन्दिरा गौतमले आफ्नो जायजेथाबाट खरिद गरेको २२ धुर जग्गामा भवन निर्माण हुने भएको गोपाल गौरी दिगो विकास प्रतिष्ठानका झापा अध्यक्ष भद्र दुमी राईले बताए ।

उक्त भवनमा सिलाइ, ढाकाका आइटम, पार्लर र प्रतिष्ठानले उत्पादन गरेका वस्तुको प्रदर्शनी कक्ष रहने छन् । योसँगै प्रतिष्ठानको जन-सम्पर्क कार्यालय पनि भवनको एक कोठामा रहने छ । प्रतिष्ठानकी केन्द्रीय अध्यक्ष इन्दिरा गौतमका अनुसार २ करोड ५० लाखको लागतमा भवन निर्माण हुने भएको हो । गोपाल गौरी दिगो विकास प्रतिष्ठानले बनाउने भवनमा शिवसताक्षी नगरमा पहिलोपटक लिफ्ट जडान हुने भएको छ । सेवाग्राही र प्रशिक्षार्थीको सुविधाका लागि भवनमा लिफ्ट जडान हुने भएको हो । शिवसताक्षी नगरपालिका-११मा कार्यालय रहेको उक्त संस्थाले प्रतिष्ठानकी अध्यक्ष इन्दिरा गौतमबाट २२ धुर जग्गा अनुदान पाएको थियो । सोही जग्गा क्षेत्रमा अत्याधुनिक प्रकृतिको भूकम्प प्रतिरोधात्मक भवन निर्माण हुने भएको हो ।

प्रतिष्ठानकी अध्यक्ष गौतम एकल महिला हुन् । श्रीमान् र तीन छोराको अवसान भएपछि बिरक्तिएको मन बुझाउन सामाजिक क्षेत्रमा आफू क्रियाशील रहेको उनले बताएकी छन् । 'पीर खप्न नसकेर पटक-पटक आत्महत्याको प्रयास गरेँ, तर समस्यासँग भाग्नु भन्दा पनि जुध्न इच्छा भएर सामाजिक क्षेत्रमा क्रियाशील बनेकी हुँ'- उनले भनिन् ।

भूकम्प, बाढी पीडित, हावाहुण्डरी, कोभिड जस्ता दैविक प्रकोप र माहामारीमा पीडित बनेका परिवारलाई राहत, पुनर्स्थापना गर्ने कार्यमा अग्रपंक्तिमा रहेकी इन्दिराको सामाजिक उत्तर दायित्वका काम अनुकरणीय रहेको स्वयम् जनप्रतिनिधिले बताउन थालेका छन् ।

भवन शिलान्यास कार्यक्रममा झापा निर्वाचन क्षेत्र नं ४का प्रतिनिधि सभा सदस्य लालप्रसाद सावाँ, प्रदेश सांसद झलक दर्लामी मगर, शिवसताक्षी नगरपालिकाका प्रमुख चन्द्रकुमार शेर्मा, उपप्रमुख भोजकुमारी नेपालले गौतमको मुक्तकण्ठले प्रशंसा गरे । उनीहरुले भने- 'समाजमा केही गरौं भन्ने भावनाका मानिसको संख्या दिनानुदिन घट्दै गइरहेका बेला प्रतिष्ठानकी अध्यक्ष इन्दिरा गौतमले समाज सेवाको बिंडो थाम्नुभएको छ । हामी जनप्रतिनिधिले दिने हौसला, वाहवाही र सहयोग कहिल्यै कमी हुने छैन ।'

प्रतिष्ठानकी केन्द्रीय सदस्य सीता ओझाले एकल महिलाको नेतृत्वमा स्थापित संस्था अन्यभन्दा अब्बल रहेको दाबी गरेकी छन् । अढाई करोडको लागतमा निर्माण हुन लागेको भवनबाट शिवसताक्षी नगरकै नगरबासी लाभान्वित हुने उनले बताएकी छन् । प्रतिष्ठानलाई हरेक तरहको सहयोग आवश्यक रहेकाले खुलेर सहयोग गर्न उनले नगरबासी र सरकारका प्रतिनिधिलाई आग्रह गरिन् । उनले भनिन्- 'नगरको मात्र होइन, नगरबासीले पनि आफ्नो निजत्व भएको महशुस तालिम केन्द्रबाट गर्न सकून् ।' प्रतिष्ठानका अध्यक्ष भद्रदुमी राईको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव गणेश घिमिरेले गरेका थिए ।

# जन्मदिनमा वृद्धवृद्धालाई सहयोग



**बिर्तामोड, मंसीर ११।** पछिल्लो समय जन्मदिन मनाउने शैलीमा परिवर्तन आउन थालेको छ । बालबालिकादेखि युवाहरुले दिन दुःखीसँग पुगेर आफ्नो जन्मदिनको खुशी बाढ्ने गरेका छन् । फजुल खर्च भन्दा दुःखी पीडितलाई सहयोग गर्नतर्फ धेरैको चासो बढेको छ ।

झापाको बिर्तामोड-१की रेनु लिम्बूले बिर्तामोडस्थित परोपकार तथा अनुसन्धान केन्द्रमा पुगेर आफ्नो जन्मदिन मनाएकी छन् । विभिन्न कारणले वृद्धाश्रममा पुगेका बुबा-आमासंग आफूले जन्मदिन मनाएको उनले बताइन् । फजुल खर्च गर्नुभन्दा दीनदुखीलाई सहयोग गरेमा पून्य प्रप्त हुने र उनीहरुले दिएको आशिर्वाद आफ्नो जीवनलाई प्रेरणाको स्रोत बन्ने ठानेर वृद्धाश्रममा पुगेर एक छाक खाना खुवाएर आफ्नो जन्मदिन मनाएको रेनुको भनाइ छ ।

फजुल खर्च गर्नुभन्दा सामाजिक कार्यमा खर्च गर्ने उद्देश्यले परोपरका केन्द्रमा पुगेर खाद्यसामाग्री प्रदान गरिएको उनको भनाइ छ । जन्मदिन लगायत विभिन्न अवसरमा गरिने खर्चलाई सामाजिक क्षेत्रमा उपयोग गरेमा समाजप्रतिको उत्तरदायित्व पूरा हुने रेनुका श्रीमान् निर्मल न्यौपानेको भनाइ छ ।

परोपकार तथा अनुसन्धान केन्द्रमा ३५ जना वृद्धवृद्धा बसोबास गर्दै आएका छन् । वृद्धाश्रममा पुगेर जन्मदिन मनाउँदा आश्रममा रहेका आमा-बुबाले आर्शिवाद दिँदै सामाजिक कर्ममा सदैव मन जाहोस् भन्दै शुभकामना दिएका दिए । आश्रमलाई नगद १० हजार रुपैंया समेत प्रदान गरिएको बताइएको छ ।


## क्यान्टिन बिक्रीमा

बिर्तामोडस्थित अञ्जली हस्पिटल परिसरभित्र अति चालू अवस्थामा रहेको क्यान्टिन बिक्रीमा छ । इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
मो. ९८०७९१३०५५

## नियमित कुखुरा बिक्रीमा

हामी आफैले उत्पादन गरेको कुखुरा हरेक हप्ता ५०० वटा ब्रोइलर र १०० वटा लोकल नियमित रुपमा लिन चाहनेले सम्पर्क गर्नुहोला ।
**गान्धारी एग्रोफर्म**
अर्जुनधारा-४, झापा
९८१७४०३३५४, ९८१५०८०३९१, ९८४१२९८५८३

## फ्ल्याट बिक्रीमा

बिर्तामोडको भद्रपुररोड अन्नपूर्ण चोकमा रहेको स्वराज ट्याक्टर शोरुम रहेको घरको पहिलो तला शैक्षिक परामर्श कम्पनी, माइक्रो फाइनान्स, विकास बैंक, इन्स्योरेन्स, सहकारी संस्था लगायत अन्य संघ-संस्थाको लागि उपयुक्त हुने किसिमको फ्ल्याट बिक्रीमा रहेको हुँदा लिन चाहने इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
सम्पर्क: ०२३-५४५९८५
मो.९८१५००६९९०, ९८४१९३३८५९

## डा. रवि शाही

MBBS, MD. DM
शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौं
**बरिष्ठ मुटु रोग विशेषज्ञ**

के तपाई मुटु सम्बन्धी कुनै पनि समस्या हुनुहुन्छ ? या उच्च रक्तचापको समस्यामा हुनुहुन्छ ? यदि हुनुहुन्छ भने मुटु रोगमा DM (Cardiologist) गर्नु भएका बरिष्ठ विशेषज्ञ डा. रवि शाही हरेक महिनाको तेस्रो शनिवार गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौंबाट प्रदीप फार्मेसी, भद्रपुररोडमा आउँदै हुनहुन्छ । समयमा नै सम्पर्क गरी ढुक्क बन्नुहोस् ।
सम्पर्क: **प्रदीप फार्मेसी**
भद्रपुररोड, बिर्तामोड, झापा
फोन नं. ०२३-५४३७९५,
मो. ९८५२६७७८२३, ९८०२६७७८२६

## तु-घर भाडामा चाहियो

यस बिर्तामोड आसपासमा कम्पाउण्ड बालसहितको ८ देखि १० वटा कोठा भएको घर भाडामा तु-चाहियो ।
सम्पर्क: ९८६९७२९१०६

## घडेरी बिक्रीमा

झापाको बिर्तामोडबाट ३.८ कि.मी. को दूरीमा लक्ष्मीपुरबाट उत्तर पान्डापुरका घडेरीहरु उचित मूल्यमा बिक्रीमा छ ।
मो. ९८४१३२८७९८, ९८१८९४०३१३, ९८४२७५६१००

## टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो. ९८१५९५२४९९/९८४१३२१४६४

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## कर्मचारी आवश्यकता

यस शुभसाईत बचत तथा ऋण सहकारी संस्था लि. भद्रपुर-१०, झापाका लागि मेहनती, इमान्दार तथा अनुभवि कर्मचारी आवश्यकता परेको हुँदा योग्यता पुगेका तथा इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।

| | |
|---|---|
| पद : बजार प्रतिनिधि | पद : ग्राहक सेवा (Customers Service ) |
| संख्या : २ जना | संख्या : १ जना |
| योग्यता : SLC पास | योग्यता : +२ पास |
| तलब : संस्थाको नियमानुसार/आपसी समझदारीमा । | तलब : संस्थाको नियमानुसार/आपसी समझदारीमा । |
| निवेदन शुल्क : ३००।- | निवेदन शुल्क : ५००।- |

**आवश्यक कागजपत्र :** शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, अनुभवको प्रमाणपत्र, पासपोर्ट साइजको २ प्रति फोटो, हस्तलिखित निवेदन ।
**निवेदन दिने अन्तिम मिति :** २०७७ मंसीर १४ गते ।
*नोट:- सहकारी क्षेत्रमा काम गरेकालाई विशेष प्राथमिकता दिइने छ ।*
सम्पर्क: **शुभसाईत बचत तथा ऋण सहकारी संस्था लि.**
भद्रपुर- १० झापा (फोन नं. ०२३-४५५६३९, ९८०१४५६०८९, ९८०२३१३३३५)


## श्रद्धाञ्जलि/कृतज्ञता/निमन्त्रणा



जन्म
१९९७।०४।२२

स्वर्गारोहण
२०७७।०७।३०

**स्व. लक्ष्मीमाया सिटौला**

हाम्री ममतामयी माता/बडीआमा/हजुरआमा **लक्ष्मीमाया सिटौला**को यही मिति २०७७ कात्तिक ३० गते आइतवारका दिन भएको अकल्पनीय निधनले हामीलाई स्तब्ध एवम् मर्माहत बनाएको छ । मातृ वियोगको यस दुःखद् क्षणमा गतात्माको बैकुण्ठवास र सायुज्य मुक्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

हामीलाई पर्न गएको मातृवियोगको कष्टपूर्ण क्षण र कोभिड-१९ संक्रमणको जोखिमपूर्ण अवस्थामा पनि शवयात्रा तथा निवासमै उपस्थित भई एवम् विभिन्न माध्यमबाट हामीप्रति सद्भाव, सहानुभूति र समवेदना प्रकट गर्नुहुने सम्पूर्ण बन्धुबान्धव, नातागोता, छरछिमेक, इष्टमित्र, संघ-संस्था, राजनीतिक दलहरुप्रति आभारसहित कृतज्ञता जाहेर गर्दछौं ।

साथै आज मंसीर १२ गते हुने १३औं दिनको पुण्यतिथिमा शुद्धशान्ति तथा पितृकार्य गरिने भएकोले पितृप्रसाद ग्रहणका लागि उपस्थित भइदिनुहुन सम्पूर्ण बन्धुबान्धव, ज्वाईचेला, भान्जाभान्जी, नातागोता, छरछिमेकी तथा मलामीजन लगायत सम्पूर्णलाई हार्दिक निमन्त्रणा गर्दछौं ।

छोरी: **टीकामाया सिटौला कँडेल**

| भतिजहरु | नाति/बुहारी | पनाति |
|---|---|---|
| गंगाराम सिटौला | भरत-मन्जु कँडेल | एन्जल, प्रान्जल, प्रहस |
| युवराज सिटौला | अर्जुन-पूजा कँडेल | |
| | प्रल्हाद-सम्झना कँडेल | पनातिनी: एन्जिला, प्रेमिसा |

एवम् **समस्त सिटौला तथा कँडेल परिवार**
अर्जुनधारा-५, कञ्चनवारी, झापा


## जाँड रक्सी सजिलोसँग छुटाइन्छ यौवन उपचार

तपाईंमा भएको यौवन कमजोरी, पिनास, दम, खोकी, यूरिक एसिड **पायल्स फिस्टुला फिसर,** ग्याष्ट्रिक, अल्सर, महिलाको महिनावारी गडबढी पाठेघरको समस्याहरु सेतोपानी बग्ने, पथरिया, पिनास सबै उपचार हुन्छ । *(जाडरक्सी १०० प्रतिशत छुटाइन्छ ।)*
*दैनिक अनुभव वैध, कविराजबाट जाँच साथै प्रत्येक शनिबार डाक्टरबाट जाँच हुनेछ ।*
**फाल्गुनन्द आयूर्वेद फार्मेसी सेवा**
शनिश्चरेरोड, ट्याक्सी स्टेण्ड बिर्तामोड, झापा
(फोन: ९८४२६४३६१८/९८०७९९४८८०)

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

## गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैँचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।



सम्पर्क: भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवारे बजार लक्ष्मीपुर




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन् र मनग्गे फाइदा उठाउन सकिनेछ। सेवामूलक कामबाट फाइदा हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
चिताएको काम रोकिनाले लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ। तापनि अध्ययनमा सामान्य प्रगति हुनेछ । देशविदेशको यात्रा गर्ने प्रक्रिया अघि बढ्नेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
शुभचिन्तकहरूले साथ दिए पनि लगनशील बन्न नसक्दा लक्ष्यमा पुग्न मुस्किल पर्नेछ । घरायसी सुखसयलले काममा पछि पार्न सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
काममा आलस्य जागे पनि फाइदाको स्रोत पहिल्याउन सकिनेछ । महत्वपूर्ण योजना तत्काल सार्वजनिक नगर्नुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
परिस्थितिअनुसार निर्णय लिन नसक्दा काम दोहोर्याउनुपर्ने हुन सक्छ। महत्वाकांक्षी योजना कार्यान्वयनमा आफ्नैले बाधा पुर्याउन सक्छन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ। बेसुरमा दिइएको वचनले समस्या निम्त्याउन सक्छ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
अनावश्यक साइनो गाँसी नजिकिनेहरूसँग सावधान रहनुहोला । नया काम प्रारम्भ गर्ने समय छ । मिहिनेतले दिगो फाइदा दिलाउनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिलो हुनेछ । पहिलेको उपलब्धिले उत्साह जगाउनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
गरिएका कर्मको छोटो समयमै उचित प्रतिफल पाइनेछ। ढिलै भए पनि बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलामा निखारता आउनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
चिताएको काम बिस्तारै सम्पादन हुनेछ । पहिलेका कमजोरीलाई सुधार्ने मौका छ । मिहिनेतले सम्मानित स्थान दिलाउनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
मानसम्मान प्राप्त हुनेछ। सम्पादित कामबाट धन लाभ हुनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ ।